आज मिति २०८२/०२/११ गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगर कार्यपालिकाको बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ ।

## उपस्थिति

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज वोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती वोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री हरिदत्त कंडेल |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| १ | | | श्री [illegible] पन्त |
| २ | | | श्री प्रशान्त श्रेष्ठ |
| ३ | | | श्री शान्ती देवी शर्मा पौडेल |
| ४ | | | श्री लक्ष्मी श्रेष्ठ |

CamScanner

**प्रस्तावहरु**

१. गत बैठकको समिक्षा सम्वन्धमा ।

२. आन्तरिक श्रोत तर्फको शिलवन्दी दरभाउ पत्रको सुचना प्रकाशन गर्ने सम्वन्धमा ।

३. सव-ईन्जिनियर सुष्मा पौडेलको अध्ययन विदा सम्वन्धमा ।

४. नागरिकता प्रमाणपत्रको लागि सिफारिस सम्वन्धमा ।

५. बा.न.पा. वडा नं. १४ को वडा सिमाना सम्वन्धमा ।

६. कार्यविधि स्वीकृत गर्ने सम्वन्धमा ।

७. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार कार्यक्रम सम्वन्धमा ।

८. चिप्लेटी क्षेत्रको डिपिआरको लागि बजेट विनियोजन गर्ने सम्वन्धमा ।

९. योजना फरफारक सम्वन्धमा ।

१०. ट्रस्ट घर निर्माणको लागि अनुमति प्रदान गर्ने सम्वन्धमा ।

११. स्वास्थ्य तथा परामर्श क्लिनिक संचालनको अनुमति सम्वन्धमा ।

१२. न्यायिक समितिको निर्णय कार्यान्वयन सम्वन्धमा ।

१३. विविध सम्वन्धमा ।

**निणर्यहरु**

**निणर्य नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्म भए गरेका काम कारवाहीको बारेमा जानकारी आदान प्रदान गरियो । गत बैठकबाट भए गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो ।

**निणर्य नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा राजश्व परामर्श समितिको राय सिफारिसको आधारमा आ.व. ०८२/०८३ को लागि देहाय बमोजिमको शिर्षकमा प्रचलित कानुन अनुसार देहाय बमोजिमको न्यूनतम अंक कायम गरी शिलवन्दी दरभाउ पत्रको सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

| सि.नं. | विवरण (शिर्षक) | न्यूनतम अंक | कैफियत |
|---|---|---|---|
| १ | कवाडी, जडिबुटी र जीवजन्तु कर | २२,६०,०००।०० | मु.अ.कर सहित |
| २ | दावगरा बसपार्क | १६,००,०००। | कर बाहेक |

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिका कार्यालयमा सव-ईन्जिनियर पदमा कार्यरत श्री सुष्मा पौडेलले यस कार्यालयको सिफारिसमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश, पोखराबाट मिति २०८०/०५/०३ गते देखी २०८२/०३/२७ सम्म जम्मा १ बर्ष १० महिना २५ दिन विदा स्वीकृत गराई आफ्नो निजि खर्चमा अष्ट्रेलिया स्थित CQ University मा Master of Construction Management विषयमा उच्च शिक्षा अध्ययन गर्दै आएको तर स्वीकृत विदाको अवधि २०८२/०३/२७ गते देखि समाप्त हुन लागेको कारण अध्ययनको पूर्णतामा समस्या सृजना भएकोले अध्ययन विदा थप गरी पाँउ भनि निवेदन दिनु भएकोले निजको यस पूर्व स्वीकृत विदा सहित ३ (तीन) बर्ष नबढने गरी मिति २०८२/०३/२८ गते देखि लागु हुने गरी स्थानीय सेवा गठन तथा संचालन नियमावली २०८० को दफा १११ (४) बमोजिम १ बर्ष १ महिना ५ दिन विदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा विगत ४५ बर्ष देखी यस नगरपालिका वडा नं. १० भकुण्डेमा बसोवास गर्दै आउनु भएका चन्द्र बहादुर थापाको जन्मस्थान लगायत पिता आमाको ठेगाना हाल सम्म पत्ता नलागेको र निज नेपाली नागरिक भएको तर नेपाली नागरिकताको प्रमाण पत्र हाल सम्म प्राप्त नगरेको हुँदा निजलाई आवश्यक कानुनी प्रकृया पुरा गरी नेपाली नागरिकताको प्रमाण पत्र उपलब्ध गराउने व्यवस्थाको लागि जिल्ला प्रशासन कार्यालय बागलुङमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा बा.न.पा. वडा नं. १४ ले चर्चेको जमिन तथा नापी नक्सामा भएको क्षेत्रफल अनुसार हाल प्रयोगमा ल्याईएको नक्साको क्षेत्रफल ४.८५ हुनु पर्नेमा ४.३५ भै फरक परेको प्रमाणित हुन आएको हुँदा बा.न.पा. वडा नं. १३ र १४ को हाल प्रयोगमा आएको नक्सा संशोधन सहित अद्यावधिक गर्नको लागि आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा बागलुङ नगरपालिकाको दैनिक तथा प्रशासनिक कार्य सम्पादनको लागि आवश्यक परी मस्यौदा तयार भै पेश हुन आएका तपशिल बमोजिमका कार्यविधीलाई स्वीकृत गर्ने निर्णय गरियो ।

१. मेलमिलाप केन्द्र संञ्चालन तथा व्यवस्थापन सम्वन्धि कार्यविध २०८२

२. उर्जा प्रभावकारी भवन निर्माण स्वीकृति सम्वन्धि कार्यविधि २०८२

CamScanner

**निणर्य नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा बागलुङ नगरपालिका क्षेत्रका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्नका लागि यस नगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयमा अध्यापन गराउने शिक्षक र जनप्रतिनिधिका छोरा छोरीहरु अनिवार्य रुपमा सामुदायिक विद्यालयमा पढाउने शन्दर्भमा थप अध्ययन गरी प्रतिवेदन पेश गर्नका लागि वडा नं. ९ का वडा अध्यक्षको संयोजकत्वमा देहाय बमोजिम ५ सदस्यीय समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) संयोजक : राजु थापा वडा अध्यक्ष बा.न.पा. वडा नं. ९

(ख) सदस्य : नारायण प्रसाद पौडेल, वडा अध्यक्ष वडा नं. १३

(ग) सदस्य : रुद्र बहादुर के.सी.

(घ) सदस्य : सुरज बोसेल

(ङ) सदस्य : कृष्ण प्रसाद सापकोटा

(च) सदस्य : शान्ती शर्मा

(छ) सदस्य : सुदिप गौतम

(ङ) सदस्य : आशा रोका

**निणर्य नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा बागलुङ नगरपालिका वडा नं. ४ दावगरामा बसपार्क संचालन गरे पश्चात वडा नं. ३ स्थित चिप्लेटी क्षेत्र ओझेलमा पर्ने सम्भावना देखिएकोले उक्त क्षेत्रको एकीकृत बिकासको लागि डिपिआर गर्न रु २०,००,०००। (अक्षेरुपी वीस लाख रुपैया मात्र) बिनियोजन गर्ने र सो क्षेत्रको बिकासको सम्भावना पहिचान गरी समन्वय गर्नको लागि वडा नं. ३ का वडा अध्यक्ष श्री शनी के.सी. लक्ष्मणलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निणर्य नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा गत आ.व.मा सम्झौता भै म्याद थप सहित चालु आवमा सम्पन्न भएका योजनाहरुको प्राविधिक मूल्याङ्कन पश्चात योजना अनुगमन समितिबाट अनुगमन गरी फरफारकको लागि पेश भएका देहाय बमोजिमका योजनाहरु फरफारक गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | कैफियत |
|---|---|---|
| १ | धौलागिरी आँखा अस्पताल बा.न.पा.४ बागलुङलाई आँखा चेकजाँच गर्ने अत्याधुनिक मेसिन खरिद तथा जडान कार्यक्रम | |
| २ | गोदाम घर, बसपार्कको सडक लगायतका भुक्तानी बाँकी भुक्तानी दिने निर्णय गरियो । | |

निणर्य नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा १४ औं नगरसभाको निर्णय बमोजिम सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्मको बसोवासको स्थायी समाधान नहुँदा सम्म बा.न.पा. वडा नं. ३ रात्माटा स्थित साविक नगरपालिका कार्यालयको भवन प्रयोगको लागि दिएको सहमति बमोजिम उक्त भवनमा बसोवास गर्दै आईरहेको सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्म, बागलुङले हाल प्रयोग गरिरहेको सभाहलको छतमा स्टोर प्रयोजनको लागि हल्का सामाग्री प्रयोग गरी अस्थायी ट्रष्ट घर निर्माणको लागि अनुमति माग गरेको हुँदा उक्त सभाहलको छतमा प्राविधिक दृष्टीकोणबाट अनुपयुक्त नहुने र यस कार्यालयको स्वामित्वमा असर नपुग्ने गरी ट्रष्ट घर निर्माण गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निणर्य नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्र संचालनमा रही न्यूनतम मापदण्ड पालना गरेका देहाय बमोजिमका स्वास्थ्य तथा परामर्श क्लिनिकलाई स्वास्थ्य शाखाबाट अनुगमन गरी नियमानुसार संचालनको अनुमति प्रदान गर्ने निर्णय गरियो ।

(क) **स्वास्थ्य क्लिनिकहरु**

| | | | |
|---|---|---|---|
| १. | हाम्रो स्वास्थ्य क्लिनिक | २. | झरना स्वास्थ्य क्लिनिक |
| ३. | इमर्जेन्सी स्वास्थ्य क्लिनिक | ४. | खनाल मेडिकल एण्ड क्लिनिक |
| ५. | सर्वदा स्वास्थ्य क्लिनिक | ६. | आशिष स्वास्थ्य क्लिनिक |
| ७. | प्रदिप रिजाल फार्मेसी | ८. | चन्द्र मेडिको क्लिनिक |
| ९. | सन्चो स्वास्थ्य क्लिनिक | १०. | न्युरो केयर क्लिनिक |
| ११. | गोल्डनगेट हेल्थ क्लिनिक एण्ड diagnostic Center | | |
| १२. | के.सी. स्वास्थ्य क्लिनिक | १३. | सौगात हेल्थ क्लिनिक |
| १४. | मेडिकेयर क्लिनिक | १५. | सपना स्वास्थ्य क्लिनिक |

(ख) **परामर्श क्लिनिक**

| | | | |
|---|---|---|---|
| १. | बटुवा जुनकिरी परामर्श सेवा प्रा.लि. | २. | जुनकिरी नेपाल, बागलुङ |

निणर्य नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ४ कुँडुले बस्ने श्याम प्रसाद सापकोटा समेतको निवेदन सम्वन्धमा निवेदनमा उल्लेखित सार्वजनिक डहरको निकास संरक्षण रेखदेख र पानिको निकासको प्रबन्ध बागलुङ नगरपालिकालाई गर्न लगाउनु भन्ने न्यायिक समितिको निर्णय कार्यान्वयनको लागि सम्वन्धित वडाको रोहवरमा यस कार्यालयको डोजर प्रयोग गरी निकास खोल्ने निर्णय गरियों ।

CamScanner